# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६] काठमाडौं, आश्विन ९ गते २०२३ साल [अतिरिक्ताङ्क २७ (क)

**श्री ५ को सरकार**

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लिखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :–

२०२३ सालको ऐन नं. १६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपाल श्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।



869

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पानी कर असूल उपर गर्ने व्यवस्थाको निमित्त बनको ऐन

प्रस्तावनाः– प्रचलित नेपाल कानून बमोजिम लाग्ने पानी करको रकम असूल गर्ने कार्य प्रणाली व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "पानी कर ऐन, २०२३" रहेकोछ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "धारा"भन्नाले श्री ५ को सरकारले पाइप लाइनबाट वितरण गरेको पानी उपभोगको निमित्त जडान गरिएको धारालाई सम्झनु पर्छ।

(ख) "कर" भन्नाले प्रचलित नेपाल कानून बमोजिम लाग्ने पानी करलाई सम्झनु पर्छ।

(ग) "करदाता" भन्नाले दफा ४ को उप–दफा (१) बमोजिम पानी कर तिर्ने कर्तव्य भएको व्यक्ति, फर्म वा संगठित संस्थालाई सम्झनु पर्छ।

(घ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिमको संझनु पर्छ।

३. कर यो ऐन अनुसार असूल गरिनेः– साल बसाली वा कुनै एक सालको निमित्त कर लगाउने गरी कुनै ऐनमा व्यवस्था भएमा त्यस्तो कर यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरू बमोजिम असूल उपर गरिनेछ।

४. कर बुझाउने कर्तव्यः– (१) आफ्नो नाममा धारा दर्ता गराउने प्रत्येक व्यक्तिले सो धारा वापत यो ऐन र अन्य प्रचलित नेपाल कानून बमोजिम लाग्ने करको रकम यस ऐनमा लेखिए बमोजिम बुझाउनु पर्छ।

(२) उप–दफा (१) बमोजिम बुझाउनु पर्ने कर धारा जडान भएको महीना देखि हिसाब गरी उप–दफा (३) बमोजिम मासिक रूपमा बुझाउनु पर्छ।

स्पष्टीकरणः– सम्बन्धित महीनाको जतिसुकै गते धारा जड न गरिएको भए पनि सो पुरै महीनाको कर बुझाउनु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४८०

(३) करदाताले प्रत्येक महीनाको कर सो महीना भुक्तान भएको अर्को महीना सम्ममा तोकिएको अड्डामा बुझाउनु पर्छ ।

तर, यो ऐन प्रारम्भ हुनु भन्दा अघि बुझाउन बाँकी रहेको कर यो ऐन प्रारम्भ भएको मितिले दुइ महीना भित्र बुझाई सक्नु पर्छ ।

(४) उप–दफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि करदाताले उप–दफा (३) मा लेखिएको म्याद भन्दा अगावै पेश्कीको रूपमा करको रकम बुझाउन चाहेमा जति सुकै महीनाको पनि बुझाउन सक्नेछ ।

५. अतिरिक्त शुल्कः– कुनै करदाताले दफा ४ को उप–दफा (३) मा लेखिएको म्याद भित्र कर नबुझाई सो म्याद नाघेपछि बुझाउन ल्याएमा निजबाट देहाय बमोजिमको अतिरिक्त शुल्क समेत असूल गरी कर बुझी लिनु पर्छः–

(क) सो म्याद नाघेको १५ दिन भित्र बुझाउन ल्याएको भए करको १० प्रतिशत,

(ख) सो म्याद नाघेको १५ दिन पछि तर ३० दिन भित्र बुझाउन ल्याएको भए करको बीस प्रतिशत,

(ग) सो म्याद नाघेको ३० दिन पछि तर ३ महीना भित्र बुझाउन ल्याएको भए करको पचास प्रतिशत, र

(घ) सो म्याद नाघेको ९० दिन पछि तर ६ महीना भित्र बुझाउन ल्याएको भए करको शत प्रतिशत ।

६. पानीको वितरण बन्द गर्ने :– कुनै करदाताले दफा ४ को उप–दफा (३) मा लेखिएको म्याद भुक्तान भएको ६ महीनासम्ममा पनि आफूले बुझाउनु पर्ने कर र दफा ५ बमोजिमको अतिरिक्त शुल्क नबुझाएमा निजको नाममा दर्ता रहेको धाराबाट दफा २ को खण्ड (क) मा उल्लेख भए बमोजिमको पानीको वितरण बन्द गरिने छ ।

७. बक्यौता बाँकी कर :– यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरू अनुस र असूल उपर गर्नु पर्ने बक्यौता पानी कर तोकिएको अड्डा वा अधिकारीले सरकारी बाँकी सरह प्रचलित नेपाल कानून बमोजिम असूल उपर गर्नेछ ।

८. धाराको नामसारी :– (१) कुनै करदाताको नाममा दर्ता भएको धारामा अरू कसैको हक हुन आएमा सो धारा आफ्नो नाममा दर्ता गराउन एक महीना भित्र तोकिएको अड्डामा लिखित निवेदन दिनु पर्छ । सो म्याद नाघेपछि निवेदन दिएमा बढीमा रू. १०।– दशसम्म तोकिएको अड्डाको हाकिमले जरिवाना गरी उप–दफा (२) बमोजिम कारवाई गर्नेछ ।

(२) कसैले आफ्नो नाममा दर्ता भएको धारा अरू कसैलाई हक छाडी दिएमा आफ्नो नामबाट सो धाराको लगत कट्टा गर्न एक महीना भित्र तोकिएको अड्डामा लिखित निवेदन दिनु पर्छ । सो म्याद नाघेपछि निवेदन दिएमा तोकिएको अड्डाको हाकिमले बढीमा रू. १०।– दशसम्म जरिवाना गरी निजको नामबाट सो धाराको लगत काटी दिनु पर्छ ।

459
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप–दफा (१) बमोजिम कसैको निवेदन परेमा तोकिएको अड्डाले तोकिए बमोजिम आवश्यक जाँच बुझ गरी सो धारामा अरू कसैको दावी नदेखिए सो धारा निजको नाममा दर्ता गरी दिनु पर्छ र अरू कसैको दावी परेमा तोकिए बमोजिम कारवाई गर्नु पर्छ

९. पानी कर नलाग्ने: – दफा ३ वा अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका धारामा पानी कर लाग्ने छैन :–

(क) राजदरबार भित्र जडान भएको,

(ख) श्री ५ को सरकारको अधिनस्थ घर, अड्डा खाना आदिमा जडान भएको,

(ग) सार्वजनिक शिक्षण संस्था अस्पताल, पुस्तकालय, अनाथालय, धार्मिक संस्था मन्दिर, पाटी पौवा इत्यादिमा जडान भएको,

(घ) बाटो–घाटो वा पार्कमा सार्वजनिक हितको लागि रहेको,

(ङ) कसैले आफ्नो नाममा दर्ता भएको धारा आफूले उपयोग नगरी परोपकार, वा सार्वजनिक हितको लागि कुनै धार्मिक वा सामाजिक संस्था वा बाटो–घाटोमा राखेमा त्यसरी राखेको अवधिसम्म त्यस्तो धाराको,

(च) श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी आंशिक वा पूर्ण रूपले पानी कर नलाग्ने भनी तोकि दिएको ।

१०. सजाय:– कसैले यस ऐन वा अन्य प्रचलित नेपाल कानून बमोजिम लाग्ने कर छल्ने नियत लिई तोकिएको अड्डामा दर्ता भएको धाराबाट बाहेक अरू कुनै प्रकारले दफा २ को खण्ड (क) मा उल्लेख भए बमोजिम वितरण भएको पानीको उपभोग गरेमा निजलाई तोकिएको अधिकारीको आदेशले रू. १,०००।– एक हजारसम्म जरिवाना वा ३ महीनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

११. अपीलको व्यवस्था :– (१) दफा १० अन्तर्गत तोकिएको अधिकारीले गरेको सजायमा चित्त नबुझ्ने व्यक्तिले ३५ दिन भित्र सम्बन्धित अञ्चलाधीश समक्ष अपील गर्न सक्नेछ ।

तर, यस ऐन बमोजिम लागेको सजाय र करको रकम समेत सम्बन्धित अड्डामा धरौटी नराखी अपील गर्न पाइने छैन ।

(२) उप–दफा (१) अन्तर्गत परेको अपीलमा सम्बन्धित अञ्चलाधीशबाट भएको निर्णय उपर ३५ दिन भित्र आय र कर अदालतमा अपील लाग्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।